# विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला, गणित (STEAM) विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८२

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

## विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला, गणित (STEAM) विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:** आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमको क्रियाकलाप नं २.७.२५.३५६ लाई कार्यान्वयनलाई सहजीकरण गर्न,

आर्थिक कायविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला, गणित (STEAM) विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखी प्रारम्भ हुनेछ र २०८३ सालको असार मसान्तसम्म कायम रहनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "कार्यक्रम" भन्नाले चालु आ.व. को क्रियाकलाप नं. २.७.२५.३५६ खर्च शिर्षक नं २२५२२ अन्तरगत विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला, गणित (STEAM) विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम सम्झनु पर्छ।

(ख) "निवेदक" भन्नाले यस कार्यविधि बमोजिम प्रतिस्पर्धामा सहभागी हुन निवेदन दिएका विद्यार्थी वा विद्यार्थीको समूह सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(घ) "मेन्टर" भन्नाले कार्यक्रममा सहभागी हुने विद्यार्थीको लागि अनुसन्धानमूलक कार्यमा निर्देशन दिने विश्वविद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयको प्राध्यापक, सह प्राध्यापक, उप प्राध्यापक, सहायक प्राध्यापक वा विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षकसमेतलाई जनाउँछ।

(ङ) "विद्यार्थी" भन्नाले विश्वविद्यालय वा क्याम्पस वा कलेज वा महाविद्यालयमा स्नातक वा सो भन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थी सम्झनु पर्छ।

(च) "विश्वविद्यालय" भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापित विश्वविद्यालय सम्झनु पर्छ र सो शब्दले प्रदेश कानून बमोजिम स्थापित विश्वविद्यालयलाई समेत जनाउँछ।

(छ) "विषय विज्ञ" भन्नाले विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला वा गणित मध्ये कुनै एक विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ७ बमोजिमको छनोट तथा सिफारिस समिति सम्झिनु पर्छ।

(झ) "सहयोग रकम" भन्नाले यस कार्यविधि बमोजिमको छनोट समितिको सिफारिसमा मन्त्रालयले एक वा एक भन्दा बढी विद्यार्थी वा विद्यार्थीको समूहलाई प्रदान गरिने नगद र कदरपत्र सम्झनु पर्छ।

## परिच्छेद-२
## उद्देश्य, क्षेत्र तथा समयावधि

३. **कार्यक्रमको उद्देश्यः** (१) विश्वविद्यालयका विद्यार्थी बीच सिर्जनशीलता, खोज, अनुसन्धान, नवप्रवर्तन र व्यावसायिकतालाई प्रवर्द्धन गरी भविष्यमा विज्ञ, उद्यमी, व्यावसायिक, सिपयुक्त एवम् स्वावलम्बी नागरिक बन्न सहयोग पुऱ्याउने रहेको छ।

(२) उपदफा (१) मा उल्लिखित उद्देश्यका अतिरिक्त कार्यक्रमका अन्य उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) विषयवस्तु वा विधामा कुनै भौतिक वा अभौतिक वस्तु वा यन्त्र वा सफ्टवेर बनाउन लगाई सिर्जनशिलताको विकास गर्नु,

(ख) विश्वविद्यालय तथा कलेज, क्याम्पस वा महाविद्यालयमा उच्च शिक्षामा अध्ययनरत विद्यार्थीलाई खोज तथा अनुसन्धानमूलक कार्य गर्न प्रेरणा प्रदान गर्नु,

(ग) विद्यार्थीलाई विश्वविद्यालय तथा कलेज, क्याम्पस वा महाविद्यालयमा अध्ययन सहित नवीनतम् कार्यको लागि उत्प्रेरित हुने वातावरण तयार गर्नु,

(घ) योग्य र क्षमतावान विद्यार्थीलाई सम्मान तथा कदर गर्ने प्रणालीको विकास गर्नु,

(ङ) विद्यार्थीलाई संलग्न गराई ज्ञान, सीप तथा अवधारणा प्रति अभिप्रेरित गर्दै स्वरोजगार र उद्यमशील हुन प्रोत्साहित गर्नु।

४. **कार्यक्रमको लक्षित समुदाय तथा समयावधिः** (१) कार्यक्रम विश्वविद्यालय तथा विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त कलेज, क्याम्पस वा महाविद्यालयमा अध्ययनरत विद्यार्थी लक्षित हुनेछ।

(२) कार्यक्रमको समयावधि छनोट भई २०८३ साल असार मसान्तसम्म सञ्चालन भए बमोजिम हुनेछ।

## परिच्छेद-३
## निवेदन तथा छनोटको प्रक्रियासम्बन्धी व्यवस्था

५. **निवेदन माग गर्नु पर्नेः** (१) मन्त्रालयले कार्यक्रम सञ्चालनको लागि राष्ट्रियस्तरको दैनिक पत्रिका, मन्त्रालयको वेभसाइट र सूचना पाटीमा कम्तीमा तीस दिनको समय दिई अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधिभित्र निवेदन प्राप्त नभएको अवस्थामा मन्त्रालयले पन्ध्र दिनको समयावधि दिई म्याद थप गर्न सक्नेछ।

(३) निवेदकले निर्धारित अवधिभित्र अनुसूची-२ बमोजिमको विवरण संलग्न गरी मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

६. **सहभागि हुन नपाउनेः** (१) सूचना प्रकाशन गरिएको आर्थिक वर्ष भित्र पास आउट हुने विद्यार्थी प्रतिस्पर्धामा सम्मिलित हुन पाउने छैनन्।

(२) प्रतियोगिता नेपालभित्रका विश्वविद्यालयमा उच्च शिक्षामा अध्ययनरत स्नातक वा सो भन्दा माथि जुनसुकै तहका विद्यार्थीको लागि लक्षित गरिएको हुँदा विश्वविद्यालयमा हाल अध्ययन नगरेका वा उत्तीर्ण भैसकेका वा अन्तिम परीक्षा दिई बसेकालाई प्रतियोगितामा समावेश हुन दिइने छैन।

७. **छनोट तथा सिफारिस समितिः** (१) पहिलो र दोस्रो चरणमा पेश हुन आएका निवेदन सहितका कागजात एवम् भौतिक वा अभौतिक वस्तुका सम्बन्धमा यकीन तथा अध्ययन गरी छनोट गर्न तथा सोको मन्त्रालय समक्ष सिफारिस गर्न एक छनोट तथा सिफारिस समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | सहसचिव, विज्ञान तथा प्रविधि महाशाखा, मन्त्रालय | -संयोजक |
| (ख) | उपसचिव, आविष्कार तथा नवप्रवर्तन शाखा, मन्त्रालय | -सदस्य |
| (ग) | प्रतियोगिताको थिमसँग सम्बन्धित विषय अध्यापन गराउने विश्वविद्यालयका अध्यापक मध्येबाट एक जना | -सदस्य |
| (घ) | प्रतियोगिताको थिमसँग सम्बन्धित विषय विज्ञ एक जना | -सदस्य |
| (ङ) | अधिकृत, आविष्कार तथा नवप्रवर्तन शाखा, मन्त्रालय | -सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम विषय विज्ञ जुन थिमको मूल्याङ्कन हुने हो सो थिमको लागि सोसम्बन्धी विषय विज्ञलाई सदस्यको रुपमा राखिने छ र खण्ड (ग) र (घ) बमोजिमको सदस्यको मनोनयन मन्त्रालयको सचिवले गर्नेछ।

(४) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(५) समितिले आवश्यकता अनुसार कानून, आर्थिक प्रशासन तथा थिमसँग सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ र त्यसरी आमन्त्रण गर्दा प्रत्येक बैठकमा तीन जना भन्दा बढी नहुने गरी गर्नु पर्नेछ।

(६) समितिको बैठकमा भाग लिए बापत सदस्यले नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछ।

(७) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **समितिको काम,कर्तव्य र अधिकारः** समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निवेदकले यस कार्यविधि बमोजिमको शर्त पूरा गरे,नगरेको यकीन गर्ने,

(ख) प्रथम चरणको मूल्याङ्कन गरी बजेट रकमको उपलब्धताको आधारमा दोस्रो चरणका लागि निवेदकको संख्या र निवेदकले प्राप्त गर्ने पहिलो किस्ता रकम मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ग) दोस्रो चरणका लागि छनोट भएका निवेदकले बनाएका भौतिक वा अभौतिक सामाग्रीको कम्तीमा एक दिने प्रदर्शनी आयोजना गर्ने,

(घ) प्रदर्शनीमा सम्बन्धित विषय विज्ञबाट बढीमा पाँच सदस्य थप मूल्याङ्कनकर्ता नियुक्त गर्ने र यस्ता विज्ञलाई प्रतिदिन अधिकतम दुई हजार पाचसय पारिश्रमिक उपलब्ध गराउने,

(ङ) मन्त्रालयले तोकेको अन्य कार्य गर्ने।

९. **छनोटका चरण**: (१) दफा ५ बमोजिम प्राप्त निवेदनलाई रुजु गरी छनोट प्रक्रियामा लगिनेछ।

(२) उपदफा (१) बमोजिम छनोट प्रक्रियामा लैजादा पहिलो चरणमा दफा १० बमोजिमका प्रक्रिया पूरा गरिनेछ र सो पश्चात दोस्रो चरणका प्रक्रियामा दफा ११ बमोजिमको कार्य गरिनेछ ।

(३) दफा ११ बमोजिमको दोश्रो चरणको सबै कार्य समापन गरेका निवेदकले यस कार्यविधि र टि.ओ.आर. बमोजिमको सबै शर्त पूरा गरेको भएमा समितिको सिफारिस बमोजिम सहयोग रकम प्राप्त गर्न सक्नेछ।

१०. **छनोटसम्बन्धी प्रक्रिया:** (१) दफा ५ बमोजिम निवेदन प्राप्त भए पश्चात समितिले न्यूनतम शर्त पुरा गरे नगरेको, निवेदकको योजनाको औचित्य र निवेदकको प्रस्तुतिको आधारमा यस कार्यविधि बमोजिम मूल्याकन गर्दा कूल सयमा साठी वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी वा विद्यार्थी समूहलाई मात्र पहिलो चरणमा छनोट गरिनेछ।

(२) उपदफा (१) बमोजिम पहिलो चरणबाट छनोट भएका निवेदक मात्र दोश्रो चरणमा सहभागी हुन योग्य हुनेछन्।

(३) उपदफा (१) बमोजिम पहिलो चरणमा छनोट भएका निवेदकहरुसँग सामाग्री निर्माणको लागि मन्त्रालयले सम्झौता गर्नेछ र अभिमुखिकरण कार्यक्रम गरी आगामी कार्यका बारेमा जानकारी दिनेछ।

(४) उपदफा (१) बमोजिम छनोट भएका निवेदकलाई आफ्ना सोच वा डिजाईन अनुसारको सामाग्री निर्माण गर्नको लागि बढीमा छ महिनाको समय-सीमा प्रदान गरिने छ।

(५) निवेदकले निर्धारित समय सीमाभित्र भौतिक वा अभौतिक यन्त्र वा सफ्टवेयरको निर्माण गरी सक्नु पर्नेछ र सोको जानकारी लिखित रुपमा मन्त्रालयलाई गराउनु पर्नेछ।

११. **प्रस्तुतीकरणसम्बन्धी प्रक्रिया:** (१) दफा १० को उपदफा (५) बमोजिम लिखित जानकारी मन्त्रालयले प्राप्त गरेपछि मन्त्रालयले आयोजना गरेको प्रस्तुतीकरण कार्यक्रममा निवेदकले निर्धारित ढाँचामा आफ्नो वस्तु वा यन्त्र वा सफ्टवेयर निर्माण बारे प्रस्तुति दिनु पर्नेछ।

(२) मन्त्रालयले आयोजना गर्ने प्रस्तुतीकरण कार्यक्रम भौतिक स्वरुपमा वा अनलाइन माध्यमबाट संचालन गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको प्रस्तुतीकरणमा सहभागी निवेदकलाई मन्त्रालयद्वारा आयोजना हुने प्रदर्शनी कार्यक्रममा सहभागी गराइनेछ।

## परिच्छेद-४

## शर्त, समिति, तथा छनोटका आधार सम्बन्धी व्यवस्था

१२. **प्रतिष्पर्धामा भाग लिन पूरा गर्नु पर्ने शर्त:** (१) निवेदकले प्रतिस्पर्धामा भाग लिन देहायका शर्त पूरा गरेको हुनु पर्नेछः-

(क) प्रत्येक समूहमा एक मेन्टरको व्यवस्था भएको हुनुपर्ने,

(ख) एक समूहमा मेन्टर बाहेक न्यूनतम एक जना देखि बढीमा तीन जना विद्यार्थीको समूह गठन गर्नुपर्ने,

(ग) तीन जना विद्यार्थीको समूह गठन भएको खण्डमा यस्तो समूह सम्भव भएसम्म एक छात्राको उपस्थिति हुनु पर्ने,

(घ) विद्यार्थीबाट पेश हुने निवेदनमा सम्बन्धित विश्वविद्यालय वा कलेज वा क्याम्पस वा महाविद्यालयको प्रमुख वा विभागीय प्रमुखबाट प्रमाणित गराउनु पर्ने,

(ङ) प्रतिस्पर्धामा भाग लिने विद्यार्थीको नियमित पठनपाठनमा कुनै बाधा नपर्ने भनि विश्वविद्यालय वा कलेज वा क्याम्पस वा महाविद्यालयको प्रमुख वा विभागीय प्रमुखबाट सुनिश्चित गराउनु पर्ने,

(च) प्रतियोगितामा भौतिक वा अभौतिक वस्तु निर्माण आफ्नो विश्वविद्यालय वा कलेज वा क्याम्पस वा महाविद्यालयको हाताभित्रको वा नजिकैको प्रयोगशाला, वर्कशप, इन्कुबेसन सेन्टर, नवप्रवर्तन केन्द्र, आदिको श्रोतहरु प्रयोग गर्नु पर्ने,

(२) उपदफा (१) बमोजिमको कुनै एक शर्त पूरा नगर्ने निवेदकको निवेदन रद्द हुनेछ र त्यस्ता विद्यार्थी वा विद्यार्थीको समूह यस कार्यविधि बमोजिमको प्रतिष्पर्धामा भाग लिन योग्य हुने छैन।

१३. **<u>विस्तृत टर्म्स अफ रेफरेन्स (टि.ओ.आर.) बनाउने:</u>** (१) मन्त्रालयले यस कार्यविधिको अधीनमा रही एक वा सो भन्दा बढी प्रतिष्पर्धाको विस्तृत टि.ओ.आर. बनाउने छ।

(२) उपदफा (१) बमोजिमको टि.ओ.आर मा प्रतिष्पर्धाको विषय/थिम, मार्गदर्शन, विषयसँग सम्बन्धित सन्दर्भ सामाग्रिका श्रोतसँग सम्बन्धित विषय समेटिने छन्।

१४. **<u>पहिलो चरणको मूल्याङ्कन सम्बन्धी व्यवस्था:</u>** निवेदन प्राप्त भए पश्चात समितिले अनुसूची-३ बमोजिमको आधारमा पहिलो चरणको मूल्याङ्कन गर्नेछ।

१५. **<u>छनोटको जानकारी:</u>** (१) मन्त्रालयले पहिलो चरणमा छनोट भएको विषयको सम्बन्धमा निवेदकलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ।

(२) कार्यक्रमसँग सम्बन्धित सूचना मन्त्रालयको वेवसाईट www.moest.gov.np मा राखिनेछ।

## परिच्छेद-५

## <u>सहयोग रकमसम्बन्धी व्यवस्था</u>

१६. **<u>सहयोग रकम उपलब्ध गराउने:</u>** (१) मन्त्रालयले दोस्रो चरणमा छनोट भएका विद्यार्थी वा विद्यार्थीको समूहलाई समितिको सिफारिसमा यन्त्र वा सफ्टवेयर बनाउँदा लाग्ने खर्च वापत एक लाख पचास हजार रुपैयाँसम्मको सहयोग रकम दुई किस्तामा उपलब्ध गराउनेछ।

(२) पहिलो किस्तामा समितिले सिफारिस गरेको अनुमानित खर्चको तीस प्रतिशत मन्त्रालय र विद्यार्थी समूहबीच सम्झौता भएपछि प्रदान गरिनेछ भने दोश्रो किस्ता रकम प्रदर्शनीको दिन समिति तथा विषयविज्ञले मूल्यांकन गरी अनुसूची-४ बमोजिम सिफारिस गरेको रकमको आधारमा प्रदान गरिनेछ।

(३) दोस्रो चरणमा छनोट भएका र प्रर्दशनीको दिन उपस्थित भई आफ्ना यन्त्र सफ्टवेयरको बारेमा प्रस्तुतीकरण दिने विद्यार्थी एवम् मेन्टरलाई कदरपत्र प्रदान गरिने छ।

(४) यस कार्यविधि बमोजिम प्रदान हुने कदरपत्रको ढाँचा मन्त्रालयबाट निर्धारण भए बमोजिम हुनेछ।

१७. **भुक्तानी दिने:** (१) समितिले सिफारिस गरेको उपकरण वा सफ्टवेयर बनाउदा लाग्ने रकम प्रतिस्पर्धामा सहभागी समूहको कुनै एक विद्यार्थीको बैङ्क खातामा दाखिला गरिने छ।

(२) उपदफा (१) बमोजिम एक सदस्यको बैङ्क खातामा प्रदान गर्नु अघि खातावाला विद्यार्थीको खातामा रकम जम्मा गर्न सबै विद्यार्थीले मञ्जुरी दिएको विवरण मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१८. **अन्य खर्च उपलब्ध गराउन सकिने**: (१) सहयोग रकम बाहेक प्रदर्शनी स्थल सम्म आउन, जान र बास बस्नु परे विद्यार्थीलाई यस कार्यविधि बमोजिम खर्च उपलब्ध गराइनेछ। मेन्टरसम्बन्धी खर्च सम्बन्धित विश्वविद्यालयबाट व्यवस्था भए बमोजिम हुनेछ।

(२) काठमाडौं उपत्यकाभित्रका विश्वविद्यालय वा क्याम्पस वा कलेज वा महाविद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्रदर्शनी स्थलसम्म आफू र आफ्नो यन्त्र ल्याउन र आउन-जान यातायात खर्च एक मुष्ठ प्रति विद्यार्थी एक हजार पाच सय नेपाली रुपैंया प्रदान गरिने छ।

(३) काठमाडौं उपत्यका बाहिरका विश्वविद्यालय वा क्याम्पस वा कलेज वा महाविद्यालयमा अध्ययनरत विद्यार्थीलाई कार्यक्रमको दिन प्रदर्शनी स्थलसम्म आफू र आफ्नो यन्त्र ल्याउन र आउन-जान मितव्ययी सवारी साधनको भाडा र प्रति विद्यार्थी बढीमा पाँच दिनको दैनिक रु. एक हजार पाँच सय नेपाली रुपैंयाको दरले दैनिक भत्ता उपलब्ध गराइने छ।

(४) पहिलो चरणमा निवेदन दिएका तर दोस्रो चरणमा छनोट हुन नसकेका निवेदकलाई कुनै पनि रकम र कदरपत्र प्रदान गरिने छैन।

## परिच्छेद-६
## विविध

१९. **सहयोग रकम प्राप्त गर्न नसक्ने:** (१) पहिलो चरणबाट छनोट भई निर्धारित समय सीमाभित्रसम्म वस्तु तथा सिर्जना निर्माण सम्पन्न भएको भनि मन्त्रालयमा निवेदन दिन नआएका विद्यार्थी वा विद्यार्थीको समूहले सहयोग रकम तथा कदरपत्र प्राप्त गर्न सक्ने छैन।

(२) कार्यक्रम बमोजिम सिर्जना वा निर्माण भई प्रदर्शनीमा राखिएका वस्तु निर्माणको क्रममा विश्वविद्यालय बाहेक नेपाल सरकारका अन्य कुनै निकायबाट आर्थिक सहायता लिन पाइने छैन।

२०. **ओपन सोर्सको रुपमा रहने:** यस कार्यविधि बमोजिम सहयोग रकम प्राप्त गरी सो अन्तर्गत सिर्जित भएका यन्त्र वा सफ्टवेयरको डिजाइन, सोर्स कोड, जस्ता विषय ओपेन सोर्सको रुपमा रहने छन्।

२१. **प्रतिलिपि अधिकारसम्बन्धी व्यवस्था**: (१) प्रदर्शनीको दिन सम्म पेटेन्ट दर्ता भएका डिजाइन, वस्तु, सफ्टवेयर यस कार्यक्रममा छनोट हुन र सहयोग रकम प्राप्तिको लागि अयोग्य मानिने छ।

(२) प्रदर्शनी पछि सम्बन्धित विश्वविद्यालय वा क्याम्पस वा कलेज वा महाविद्यालयका विद्यार्थीले आवश्यक ठानेमा सम्बन्धित निकायमा पेटेन्ट दर्ता प्रक्रिया सुरु गर्न बाधा पुग्ने छैन।

(३) कसैले उपदफा (२) बमोजिमको पेटेन्ट पहिला नै अन्य व्यक्ति वा संस्थाको भएको पाइएमा प्रचलित कानून बमोजिम आवेदकले नै सोसम्बन्धमा आवश्यक कारवाही गर्नु पर्नेछ।

२२. **बीमासम्बन्धी व्यवस्था**: (१) दोस्रो चरणको प्रदर्शनी कार्यक्रममा काठमाडौं उपत्यका बाहिरका सहभागी विद्यार्थीले बढिमा सात दिनको लागि दुर्घटना बीमा (Accident Insurance) गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम काठमाडौं उपत्यका बाहिरका सहभागी विद्यार्थीको दुर्घटना (Accident Insurance) बीमाको सोधभर्नाको लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्नेछ।

२३. **सम्पर्क ईकाइ रहने:** कार्यक्रम सञ्चालनका लागि मन्त्रालयको विज्ञान तथा प्रविधि महाशाखा सम्पर्क ईकाइको रुपमा रहनेछ।

२४. **सूचना प्रविधिको प्रयोग गर्न सक्ने:** कार्यक्रम कार्यान्वयनको लागि सूचनाको प्रकाशन, सम्पर्क, निवेदनको सङ्कलन, छनोट तथा मूल्याङ्कन, प्रस्तुतीकरण तथा यससम्बन्धी अन्य कार्यको लागि मन्त्रालय वा समितिले वा सम्पर्क इकाइले सूचना प्रविधिको प्रयोग गरी कार्य गर्न सक्नेछ।

२५. **टम्स् अफ रिफरेन्स (टि.ओ.आर) को जानकारी गराउने**: सम्पर्क इकाइले सबै इच्छुक विद्यार्थी तथा मूल्याङ्कनकर्ता तथा समितिमा रहने व्यक्तिलाई यस कार्यविधिको व्यवस्था र कार्यसम्पादन गर्नु पर्ने विषयमा समयमा नै जानकारी गराउने छ र टम्स अफ रेफरेन्ससम्बन्धी अन्य व्यवस्था अनुसूची-५ मा भए बमोजिम हुनेछ।

२६. **बाझिएमा अमान्य हुने:** यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

२७. **अनुसूची हेरफेर गर्न सक्ने:** यस कार्यविधिको अनुसूची र यस कार्यविधि बमोजिमको टि.ओ.आर. मन्त्रालयको सचिवले हेरफेर गर्न सक्ने छ।

**अनुसूची-१**
**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**

**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**STEAM विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रमको लागि निवेदनसम्बन्धी सूचना**

मिति २०८-।--।--

यस मन्त्रालयको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम विश्वविद्यालय वा विश्वविद्यालयका आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पस वा कलेज वा महाविद्यालयमा अध्ययनरत विद्यार्थीबीच प्रतिस्पर्धा गराई STEAM सामाग्री निर्माणसम्बन्धी कार्य गराउने उद्देश्यले यो सूचना प्रकाशन गरिएको छ। यस वर्षको प्रतिस्पर्धाको विषय कार्यविधिको अनुसूची-५ मा रहेको T.O.R. मा उल्लेखित रहेको छ। यस कार्यक्रम अन्तर्गत पहिलो चरणमा विश्वविद्यालय वा विश्वविद्यालयको सम्बन्धन वा आङ्गिक क्याम्पस वा कलेज वा महाविद्यालयमा उच्च शिक्षाको तहमा अध्ययनरत विद्यार्थी वा विद्यार्थीको समूहबाट निवेदन माग गरिने, प्राप्त हुन आएका निवेदनबाट दोश्रो चरणका लागि छनोट गरिने र विद्यार्थी समूहलाई आफ्नो सोच अनुसारको वस्तु निर्माण गर्न छ महिनाको समय दिइने छ। दोश्रो चरणको लागि छनोट भएको विद्यार्थी वा विद्यार्थीको समूहलाई **"विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला, गणित (STEAM) विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८२"** बमोजिम प्रति सामाग्री अधिकतम नेपाली रुपैया एक लाख पचास हजार सहयोग रकम प्रदान गरिने छ। प्रतिष्पर्धामा सहभागी हुन चाहनु हुने विद्यार्थीले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्रमा उक्त कार्यविधिको अनुसूची-२ को खण्ड (क) र (ख) बमोजिमको ढाँचामा सबै आवश्यक कागजात प्रमाणित गरेर स्क्यान गरी innovation@moest.gov.np मा ईमेल गरी निवेदन दिनुहुन अनुरोध छ। म्याद नाघी दर्ता हुन आएका वा रीत नपुगेका निवेदन छनोटका लागि समावेश हुने छैन। उल्लिखित कार्यविधि यस मन्त्रालयको वेभसाइट www.moest.gov.np बाट हेर्न वा डाउनलोड गर्न सकिने व्यहोरा सम्बन्धित सबैको लागि अनुरोध गरिएको छ।

**अनुसूची-२**

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

**निवेदनको ढाँचा**

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति ................... मा माग गरे बमोजिम मैले/हामीले देहाय बमोजिम विवरण पेश गरेको/का छु/छौं:-

**खण्ड (क) सामान्य विवरण**

| | | |
|---|---|---|
| १ | क्याम्पस/कलेज/महाविद्यालयको नामः | |
| २ | ठेगानाः | |
| ३ | सम्पर्क टेलिफोन नंः | |
| ४ | ई-मेलः | |
| ५ | मेन्टरको नामः | |
| ६ | मेन्टरको सम्पर्क मोबाइल नंः | |
| ७ | मेन्टरको ई-मेलः | |
| ८ | मेन्टरको हस्ताक्षरः | |
| ९ | विश्वविद्यालयः | |
| १० | प्रतिष्पर्धामा सामेल हुन चाहने विद्यार्थी | |
| १०.१ | (क) नामः | |
| | (ख) संकाय/डिपार्टमेन्ट : | |
| | (ग) वर्ष/खण्ड : | |
| | (घ) क्याम्पस/कलेज/ महाविद्यालयको रोलक्रमः | |
| | (ङ) अन्तिम वर्ष / अन्तिम खण्डको परीक्षा महिना र सालः | |
| | ईमेलः | |
| | हस्ताक्षरः | |
| १०.२ | (क) नामः | |
| | (ख) संकाय/डिपार्टमेन्ट : | |
| | (ग) वर्ष/खण्ड : | |
| | (घ) क्याम्पस रोलक्रमः | |
| | (ङ) अन्तिम वर्ष / अन्तिम खण्डको परीक्षा महिना र सालः | |
| | ईमेलः | |
| | हस्ताक्षरः | |

| | | |
|---|---|---|
| १०.३ | (क) नामः | |
| | (ख) संकाय/डिपार्टमेन्ट : | |
| | (ग) वर्ष/खण्ड : | |
| | (घ) क्याम्पस/कलेज/ महाविद्यालयको रोलक्रमः | |
| | (ङ) अन्तिम वर्ष / अन्तिम खण्डको परीक्षा महिना र सालः | |
| | ईमेलः | |
| | हस्ताक्षरः | |
| ११ | संलग्न गर्नुपर्ने कागजातः | संलग्न गरी ☑ लगाउने । |
| | (क) क्याम्पस/ कलेज/ महाविद्यालयबाट जारी भएको मेन्टरको परिचयपत्र | |
| | (ख) क्याम्पस/ कलेज/ महाविद्यालयबाट जारी भएको सबै विद्यार्थीहरुको परिचयपत्र | |
| | (ग) यस वर्षको विधा अन्तरगत बनेको निर्देशिका बमोजिमको प्राविधिक फारम | |
| १२ | मैले/हामीले प्रस्ताव गरेको प्रस्तुत ................................. डिजाइन/वस्तु/सफ्टवेयर आदि मैले/हामी आफैले, म/आफैद्वारा श्रृजना/तयार गरी पेश गरेका हुँ/हौं। प्रस्तुत डिजाइन/वस्तु/सफ्टवेयर आदिमा म /हामी बाहेक कसैको वौद्धिक सम्पत्तिको दावी रहन सक्दैन। यदि कसैले त्यस्तो दावी गर्न आएमा म/हामी स्वयम जिम्मेवार तथा जवाफदेही रहने छु/छौ। त्यस सम्बन्धमा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय कुनै जवाफदेही बनाइने छैन।<br>............................................ मेन्टरको सहि | |
| १३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको लागि सम्पर्क व्यक्तिः (विद्यार्थीमध्ये कुनै एक हुनु पर्ने) | |
| | नामः | |
| | सम्पर्क नंः | |
| | ईमेलः | |
| १४ | सबै विद्यार्थीहरुको हस्ताक्षरः | |
| | मितिः | |
| १५ | उल्लेखित मेन्टरको अन्तरगत उल्लेखित विद्यार्थीलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवारबाट संचालित प्रतिष्पर्धामा भाग लिन अनुमति प्रदान गर्दछु र प्रतियोगी सबै विद्यार्थीहरु आ.व. २०८२/८३ को अन्त्य (२०८३ असाढ मसान्त) सम्म पास आउट नहुने व्यहोरा प्रमाणित गर्दछु। | आ.व. ............................<br>क्याम्पस प्रमुखको नामः ..................<br>........................................................<br><br>..................................................<br>दस्तखत / मिति / क्यामपसको छाप |

**खण्ड (ख) सिर्जनात्मक विवरण**

| क्र.सं. | विवरण | विद्यार्थीले भर्ने | कैफियत |
|---|---|---|---|
| १ | प्रस्तावित स्टीम सामाग्रिको नाम | | T.O.R. मा उल्लेखित कुनै एक समस्या/विषय संग सम्बन्धित |
| २ | बनाउने सामाग्रिको वारेमा विवरण पेश गर्ने (पृष्ठभूमि, उद्धेश्य, समस्या पहिचान, साहित्य समीक्षा) | | |
| ३ | सामाग्री निर्माणको विस्तृत विधि (Detailed Methodology) | | |
| ४ | सामाग्रिको चित्र (3D-drawing) | | |
| ५ | सामाग्रीको उपयोगिता र प्रभाव | | |
| ६ | सामाग्रि बनाउदा लाग्ने अनुमानित खर्च (सबै निर्माण सामाग्रिको नाम र लाग्ने खर्च विस्तृत रुपमा ब्रेकडाउन गर्नुपर्ने, क्याम्पसको प्रयोगशालामा उपलब्ध हुने मेशिन र टुल्सको खर्च समावेश गर्न नपाइने, टिमको पारिश्रमिक तथा भ्रमण खर्च कुल खर्चको दश प्रतिशत र विविध कुल खर्चको पाँच प्रतिशतमा नबढ्ने गरी उल्लेख गर्ने) | | अधिकतम पाउने सहयोग रकम एक लाख पचास हजार रूपैयाँ मात्र |
| ७ | सामाग्रिको निर्माण गर्न लाग्ने समयरेखा | | अधिकतम छ महिना समयको विस्तृत विवरण |
| ८ | अन्य केही भए खुलाउने (बढिमा २०० शब्दमा) | | |
| ९ | सन्दर्भ सामाग्रिहरु | | |
| १० | मेन्टरको नाम | | |
| | दस्तखत र मिति | | |

**अनुसूची-३**
**(दफा १४ सँग सम्बन्धित)**
**पहिलो चरणको छनोटको लागि अङ्क प्रदान गर्ने आधार**
**पहिलो चरणका छनोटका आधार**

| **क्र.सं.** | **मूल्याङ्कनको आधार** | **अङ्कभार** |
|---|---|---|
| १ | प्रस्तावको पृष्ठभूमि, उद्धेश्य, समस्या पहिचान, साहित्य समीक्षा स्पष्ट रहेको | १० |
| २ | प्रस्तवित सामाग्री नयाँ सोचमा आधारित, मौलिक तथा सिर्जनशील भएको | १५ |
| ३ | सामाग्री निर्माण गर्ने विधि स्पष्ट र कार्यान्वयनयोग्य रहेको | २० |
| ४ | सामाग्री निर्माण गर्न प्रयोग हुने कच्चा पदार्थ स्थानिय स्तरमा उपलब्ध रहेको | १० |
| ५ | सामाग्री निर्माण गर्न लाग्ने समयरेखा विस्तृत र स्पष्ट रहेको | १० |
| ६ | सामाग्रीको व्यापारिक सम्भाव्यता तथा सामाजिक उपयोगिता रहेको | १५ |
| ७ | मौखिक प्रस्तुतिकरण | २० |
| | **कुल** | १०० |

**अनुसूची-४**
**(दफा १६ को उपदफा (२) सँग सम्बन्धित)**
**<u>सिफारिस गरिएको रकम</u>**

| स्टीम सामाग्री निर्माणको अनुमानित लागतमा उपसमितिको निष्कर्ष | |
|---|---|
| स्टीम सामाग्रीको नामः | |
| समूहले माग/दावि गरेको रकमः | |
| उपसमितिको सिफारिस रकमः | |
| मूल्याङ्कनकर्ताहरुको नाम र दस्तखत | १. ....................................................<br>२. ....................................................<br>३. .................................................... |
| मिति | |

कैफियतः

## अनुसूची – ५
### (दफा २५ सँग सम्बन्धित)
### STEAM सामाग्री निर्माण प्रतियोगिता कार्यक्रमको टि.ओ.आर. (TOR), २०८२

१. **परिचयः**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृत कार्यक्रम "विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला, गणित (STEAM) विषयमा विश्वविद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम संचालन" सम्बन्धी कार्यविधिमा उल्लेखित टि.ओ.आर. (TOR) को रुपमा यसलाई ग्रहण गरिने छ। TOR विद्यार्थीहरुलाई प्रतियोगिताको वारेमा थप स्पष्ट पार्न र मूल्याङ्कनकर्ताहरुलाई सहजीकरणको निम्ति तयार पारिएको हो।

यस कार्यक्रममा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुले नेपालमा हाल देखापरेका वास्तविक सामाजिक, वातावरणीय, प्राविधिक तथा सांस्कृतिक समस्याहरूको पहिचान गरी तिनको समाधानमा योगदान पुर्याउने व्यवहारिक, नवीन र उपयोगी मौलिक सामग्री निर्माण गर्नेछन्। यस क्रियाकलापले विद्यार्थीहरुमा आलोचनात्मक सोच, समस्या विश्लेषण क्षमता, समूहमा सहकार्य गर्ने सीप, र नेतृत्व क्षमता विकास गर्न मदत पुग्नेछ। राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ को उद्देश्य पूरा गर्न समेत यस कार्यक्रमले टेवा पुग्ने विश्वास लिइएको छ।

२. **STEAM सामाग्रि निर्माणका प्रमूख विषयहरुः**

STEAM सामाग्री निर्माण देहायका विषय वा सो संग सम्बन्धित विषयहरुमा हुनु पर्नेछः

| सि.नं. | विषय | केहि उदाहरणहरु |
|---|---|---|
| क. | स्वदेशी / परम्परागत प्रविधिको आधुनिकीकरण (Modernization of Indigenous/Traditional Technology) | Upgrading traditional handlooms with motorized systems |
| ख. | कृषि उत्पादनमा पानीको अभाव (Water scarcity in agriculture production) | IoT system for precision irrigation, Solar powered drip irrigation, Hydrogel technology |
| ग. | स्थानीय सामग्री प्रयोग गरेर भूकम्प प्रतिरोधी भवन निर्माण (Earthquake resistant building using local materials) | Prefabricated modular housing made from bamboo, stone, and mud |
| घ. | शहरी क्षेत्रमा वायु प्रदूषण (Air Pollution in urban areas) | Building a low-cost portable air sensor |
| ङ | सांस्कृतिक सम्पदाको ह्रास (Degradation of cultural heritage) | Creating digital archives of monuments using VR and 3D scanning |
| च. | विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण (Disaster risk management and mitigation) | Early-warning systems for flood/landslide alerts |
| छ. | नगरपालिका फोहर व्यवस्थापन (Municipal waste management) | Eco-bricks from waste plastic, Waste-to-energy/fuel |

| | | |
|---|---|---|
| | | |
| ज. | ग्रामीण समुदायका लागि सहज स्वास्थ्य पहुँच<br>(Easy health access for rural community) | Telemedicine platforms connecting rural patients with specialist doctors,<br>Portable diagnostic kits,<br>Solar-powered cold storage box |
| झ. | उत्पादनमा आधुनिक प्रविधिको एकीकरण<br>(Integration of modern technology in production) | Use of 3d printing, AI, IoT, blockchain, nanotechnology, etc. in production |
| ञ | अन्य (Others) | |

३. **<u>डिजाइन प्रतियोगितामा भाग लिने विद्यार्थीहरुले ध्यान दिनुपर्ने विषयवस्तु</u>**: प्रतियोगितामा सहभागी हुने विद्यार्थीले निम्न विषयवस्तुमा ध्यान दिनुपर्नेछः-

(क) स्टीम सामाग्री निर्माण बुदा नं २ मा उल्लेखित वा अन्य नेपालको समसामयिक समस्या समाधान गर्ने खालको हुनुपर्ने।

(ख) स्टीम सामाग्री भौतिक वा अभौतिक दुवै हुन सक्ने; अभौतिक अन्तर्गत प्रतिस्पर्धी विद्यार्थीले Software, Mobile Application, Aritifical Intelligence, IoT, automation system, web platform, AR/VR, blockchain technology वा अन्य digital based समाधान प्रस्ताव गर्न सक्ने।

(ग) स्टीम सामाग्री निर्माण गर्दा स्थानीय रुपमा सजिलै पाइने, किफायती र वातावरणमैत्री कच्चा पदार्थको प्रयोग गर्नुपर्ने।

(घ) स्टीम सामाग्री नया सोचमा आधारित, मौलिक र नवप्रवर्तनशील हुनुपर्ने।

(ङ) स्टीम सामाग्री प्रयोग गर्न सजिलो, सुरक्षित र व्यावहारिक हुनुपर्ने।

(च) आफूले निर्माण गर्ने सामानको वारेमा आफ्नो कक्षा वा क्याम्पसका अन्य साथीलाई सुनाई बढीमा तीन जनाको समूह बनाउने र एक्लै गर्न सके समूह नबनाए पनि हुने। एक प्रतिस्पर्धी दुई समूहमा भाग लिन नपाउने।

(छ) आफूले अध्ययन गर्ने शैक्षिक संस्थामा आफूलाई त्यस काममा मदत गर्न सक्ने मेन्टर (शिक्षक) रोज्ने र फारमहरु भर्ने।

(ज) पहिलो फारम विश्वविद्यालय/क्याम्पस/कलेज/महाविद्यालयको प्रमुख वा विभागीय प्रमुखबाट स्विकृत गराउने, दोस्रो फारम आफ्नो मेन्टरबाट स्विकृत गराउने। फाराम भर्दा अग्रेंजी वा नेपाली भाषाको प्रयोग गर्न सकिने।

४. **<u>सहयोग रकम र अन्तिम मूल्याङ्कन</u>**:-

(क) यस कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्रदान हुने सहयोगको अधिकतम सीमा. एक लाख पचास हजार रूपैयाँ (१,५०,०००/-) तय गरिएको छ।

(ख) छनोट तथा सिफारिस समितिले सहयोग रकम निर्क्यौल गर्न समितिका सदस्य र विज्ञ सम्मिलित कम्तीमा तीन सदस्य रहने उपसमिति गठन गर्न सक्नेछ।

(ग) यस्ता उपसमितिले मूल्याङ्कन गर्नु पर्ने विद्यार्थी समूहको जिम्मेवारी समितिले तोक्ने छ।

(घ) सहयोग रकमको वारेमा विद्यार्थी समूहले बनाएको यन्त्र, समूहले दावि गरेको रकमको औचित्यता र यस कार्यविधि र टि.ओ.आर. मा लेखिएका शर्तको आधारमा सिफारिस गर्नु पर्नेछ।